
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६९/७० को सात महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय




१. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय ४.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ११.६ प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ माघ मसान्तमा विस्तृत मुद्रा प्रदाय १५.० प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा ६.४ प्रतिशतले बढेको विपरित समीक्षा अवधिमा ०.५ प्रतिशतले घटेको छ। वार्षिक विन्दुगत आधारमा भने २०६९ माघ मसान्तमा संकुचित मुद्रा प्रदाय १०.८ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १ अर्ब ५९ करोड (०.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ७६ अर्ब २८ करोड (३४.५ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा निर्यातको तुलनामा आयातको विस्तार उच्च रहेको र विप्रेषण आप्रवाहको वृद्धि तुलनात्मक रुपमा कम रहनुका साथै पूँजीगत तथा चालू ट्रान्सफर आप्रवाह अघिल्लो वर्षको तुलनामा घटेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको विस्तार कम हुन गएको हो ।

### कुल आन्तरिक कर्जा


३. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा कुल आन्तरिक कर्जा ७.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.२ प्रतिशतले मात्र बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६९ माघ मसान्तमा यस्तो कर्जा १४.२ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको दावी उल्लेख्य रुपमा बढेकोले कुल आन्तरिक कर्जाको वृद्धि उच्च रहन गएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १३.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ५.८ प्रतिशतले मात्र विस्तार भएको थियो ।

## सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा १४.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १४.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद दावी घटेको र खुद वैदेशिक सम्पत्तिमा समेत केही ह्रास आएकोले सञ्चित मुद्रामा कमी आएको हो । वार्षिक विन्दुगत आधारमा भने २०६९ माघ मसान्तमा सो मुद्रा २.२ प्रतिशतले बढेको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ४.८ प्रतिशत (रु. ४८ अर्ब ६९ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन १०.९ प्रतिशत (रु. ८९ अर्ब ९६ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ३.८ प्रतिशत, ६.९ प्रतिशत र ५.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः १२.० प्रतिशत, १२.७ प्रतिशत र १.४ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा भने बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १६.१ प्रतिशत (रु. १४७ अर्ब ३२ करोड) ले वृद्धि भई २०६९ माघ मसान्तमा रु. १०६० अर्ब ५२ करोड पुगेको छ ।



चार्ट २: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (सात महिना)

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १२.० प्रतिशत (रु. ११५ अर्ब ८९ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ७.३ प्रतिशत (रु. ६२ अर्ब ३१ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः ११.४ प्रतिशत, ७.३ प्रतिशत र ६.८ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १८.१ प्रतिशत (रु. १६६ अर्ब ३७ करोड) ले वृद्धि भई २०६९ माघ मसान्तमा रु. १०८३ अर्ब ५५ करोड पुगेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.२ प्रतिशत (रु. १०२ अर्ब ७६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ५.१ प्रतिशत (रु. ३५ अर्ब ४१ करोड) ले मात्र बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १३.० प्रतिशतले, विकास बैंकहरुको १३.६ प्रतिशतले र वित्त कम्पनीहरुको १३.९ प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा वार्षिक विन्दुगत आधारमा २०.९ प्रतिशत (रु. १५२ अर्ब २२ करोड) ले वृद्धि भई २०६९ माघ मसान्तमा रु. ८८२ अर्ब २ करोड पुगेको छ ।

७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २३ अर्ब ६८ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १४ अर्ब १८ करोडले मात्र बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब ३५ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ८ अर्ब २७ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ६ अर्ब २३ करोडले बढेको छ भने थोक तथा

खुद्रा व्यापारतर्फको कर्जा रु. २२ अर्ब ९२ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ८१ करोडले बढेको छ ।

### तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोड तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख बराबरको तरलता प्रवाह भएको थियो ।

९. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ४१ करोड खुद खरिद गरी रु. १२२ अर्ब ५४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ८१ करोड खुद खरिद गरी रु. १४१ अर्ब २६ करोडको खुद तरलता प्रवाह भएको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ६६ करोड बिक्री गरी रु. १४४ अर्ब ३९ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ६२ करोड बिक्री गरी रु. १२६ अर्ब ५७ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


११. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा वाणिज्य बैंकहरुले रु. २५९ अर्ब ११ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. ८३ अर्ब ४१ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ११२ अर्ब ४१ करोड र रु. १०१ अर्ब २६ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा रु. ३ अर्ब ३९ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ४ अर्ब २९ करोडको स्थायी तरलता सुविधा उपयोग भएको थियो ।

### अल्पकालीन ब्याजदर

१२. आर्थिक वर्ष २०६९ को माघ महिनामा अघिल्लो वर्षको सोही महिनाको तुलनामा अल्पकालीन ब्याजदरहरु मध्ये ९१-दिने ट्रेजरी विल र वाणिज्य बैंकहरुको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदरमा केही वृद्धि भएको छ भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक भारित औसत ब्याजदरमा कमी आएको छ । सो अनुसार ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको माघ महिनामा ०.६१ प्रतिशत रहेकोमा २०६९ माघ महिनामा १.९३ प्रतिशत पुगेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको माघमा ०.७२ प्रतिशत रहेको तुलनामा २०६९ माघमा २.२९ प्रतिशत पुगेको छ भने अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको माघमा ७.९७ प्रतिशत रहेको तुलनामा २०६९ माघमा ४.३६ प्रतिशत रहेको छ ।


# धितोपत्र बजार

१३. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा ६५.० प्रतिशतले वृद्धि भई २०६९ माघ मसान्तमा ५१४.६ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २३.० प्रतिशतले घटी २०६८ माघ मसान्तमा ३११.९ बिन्दु कायम भएको थियो ।




१४. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ७०.८ प्रतिशतको उल्लेख्य वृद्धि भई २०६९ माघ मसान्तमा रु. ४९५ अर्ब ८४ करोड कायम भएको छ ।

१५. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६९ माघ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनी समेत) को अंश ६९.८ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.१ प्रतिशत, होटलहरूको १.७ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.२ प्रतिशत, जलविद्युत क्षेत्रको ५.७ प्रतिशत र अन्यको १९.४ प्रतिशत रहेको छ ।





१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६८ माघ मसान्तसम्ममा २१४ रहेकोमा २०६९ माघ मसान्तसम्ममा २२५ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६९ माघ मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १९३ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा ८.९ प्रतिशतले बढी २०६९ माघ मसान्तमा रु. ११६ अर्ब ७२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको सात महिनासम्ममा रु. ३ अर्ब १७ करोड ५४ लाख बराबरको साधारण शेयर, रु. ८६ करोड २ लाख बराबरको बोनस शेयर र रु. २२ करोड ५५ लाख बराबरको हकप्रद शेयर गरी कुल रु. ४ अर्ब २६ करोड ११ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६९/७० को माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.१ प्रतिशत रहेको छ । २०६८ माघ महिनामा यस्तो मुद्रास्फीति ७.० प्रतिशत रहेको थियो । समीक्षा महिनामा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर १०.७ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा ९.६ प्रतिशतले वृद्धि भएको छ । २०६८ माघ महिनामा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ४.१ प्रतिशत र ९.६ प्रतिशतले वृद्धि भएको थियो ।




चार्ट ५: उपभोक्ता मुद्रास्फीति (सात महिना)

१९. २०६९ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात १६.२ प्रतिशत रहेको छ । २०६८ माघ महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १.६ प्रतिशतले ह्रास भएको थियो । २०६८ माघ महिनामा क्रमशः ४.६ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको माछा-मासु तथा घिउ-तेल उप-समूहहरुको मूल्य सूचकाङ्क २०६९ माघ महिनामा क्रमशः १४.४ प्रतिशत र १३.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, चिनी तथा मिठाई र रेष्टुरेन्ट तथा होटल उप-समूहहरुको मूल्य सूचकाङ्कमा २०६९ माघ महिनामा क्रमशः १२.५ प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको छ । २०६८ माघ महिनामा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा ४.६ प्रतिशत र १०.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही महिनामा स्थिर रहेको दलहनको मूल्य सूचकाङ्क २०६९ माघ महिनामा ११.७ प्रतिशतले वृद्धि भएको छ ।

२०. २०६९ माघ महिनामा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये फर्निसिंग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा १२.९ प्रतिशतले वृद्धि भएको छ । २०६८ माघ महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १३.६ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, २०६९ माघ महिनामा शिक्षा र लत्ता-कपडा तथा जुत्ता-चप्पल उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.५ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको छ । २०६८ माघ महिनामा उल्लिखित उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ८.९ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, २०६९ माघ महिनामा घरायसी उपयोग र यातायात उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १०.२ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ । २०६८ माघ महिनामा यस्तो सूचकाङ्कमा क्रमशः ५.७ प्रतिशत र १८.५ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने २०६९ माघ महिनामा २.१ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ८.२ प्रतिशतले ह्रास भएको थियो ।

२१. क्षेत्रगत आधारमा विश्लेषण गर्दा २०६९ माघ महिनामा सवैभन्दा बढी मूल्य सूचकाङ्क तराईमा १०.६ प्रतिशतले वृद्धि भएको छ भने काठमाडौं उपत्यका र पहाडको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १०.२ प्रतिशत र ९.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ६.६ प्रतिशत, ६.३ प्रतिशत र ८.६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति




२२. २०६९ माघ महिनामा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ९.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो वृद्धिदर ४.७ प्रतिशत रहेको थियो । कृषिजन्य तथा आयातीत वस्तुहरुको मूल्य वृद्धि उच्च रहेकोले समीक्षा महिनामा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर अघिल्लो वर्षको सोही महिनाको तुलनामा उच्च रहेको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क


२३. २०६९ माघ महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ८.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ३०.१ प्रतिशतले वृद्धि भएको थियो । २०६९ माघ महिनामा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको छैन । तर, ज्यालादर सूचकाङ्कमा १०.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा तलब सूचकाङ्कमा १९.३ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा ३३.० प्रतिशतले वृद्धि भएको थियो ।

२४. २०६९ माघ महिनामा ज्यालादर अन्तर्गत कृषि मजदुरको ज्यालादर सूचकाङ्क १३.१ प्रतिशतले, निर्माण मजदुरको ६.३ प्रतिशतले र औद्योगिक मजदुरको ४.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही महिनामा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः ३२.२ प्रतिशत, ३४.५ प्रतिशत र ३४.३ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२५. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा सरकारी बजेट रु. ३९ अर्ब १४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. १९ अर्ब ३७ करोडले मात्र बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचत उल्लेख्य रहेको हो ।




### सरकारी खर्च


२६. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४.४ प्रतिशतले घटी रु. १३२ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च २८.२ प्रतिशतले वृद्धि भएको थियो । चालू आर्थिक वर्षको पूर्ण बजेट प्रस्तुत हुन नसकेकोले अघिल्लो वर्षको सोही

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

अवधिको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चमा कमी आएको हो ।

## सरकारी राजस्व

२७. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २०.३ प्रतिशतले वृद्धि भई रु. १५४ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १९.३ प्रतिशतले वृद्धि भई रु. १२८ अर्ब ४७ करोड पुगेको थियो । आयातमा भएको वृद्धिका कारणले समीक्षा अवधिमा राजस्व परिचालन उच्च रहेको हो ।




२८. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १८.१ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सोको वृद्धिदर १५.१ प्रतिशत रहेको थियो। आयात मार्फत प्राप्त हुने मूल्य अभिवृद्धि करको उच्च वृद्धिदरका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो।

२९. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३८.९ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब ६७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व १०.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा समग्र आयातका साथै उच्च भन्सार दर लाग्ने सवारी साधनहरु तथा पाटपुर्जाको आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको हो।

३०. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३१.९ प्रतिशतले वृद्धि भई रु. ३४ अर्ब ५८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा आयकर राजस्व २३.५ प्रतिशतले मात्र वृद्धि भएको थियो। समीक्षा अवधिमा आयकर प्रशासनमा भएको सुधारको सकारात्मक प्रभाव एवं करदाता शिक्षा मार्फत चेतनामा भएको अभिवृद्धिका कारण समेत आयकर राजस्वमा वृद्धि भएको हो।

३१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व १९.६ प्रतिशतले वृद्धि भई रु. २० अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व ११.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा उच्च अन्तःशुल्क दर भएका सवारीसाधनको आयातमा वृद्धि आएको कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो।

३२. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ८.८ प्रतिशतले घटी रु. १६ अर्ब ६७ करोडमा सीमित रहन पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व रु. १८ अर्ब २९ करोड पुगेको थियो।


## वैदेशिक नगद ऋण र अनुदान

३३. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. २ अर्ब २९ करोड र वैदेशिक नगद अनुदानवापत् रु. ११ अर्ब ७१ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. २ अर्ब ७९ करोड र रु. २४ अर्ब २७ करोड प्राप्त भएको थियो।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार

३४. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा कुल वस्तु निर्यात ५.६ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ९८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १३.४ प्रतिशतले वृद्धि भई रु. ४२ अर्ब ५९ करोड पुगेको थियो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको माघ महिनामा कुल वस्तु निर्यातमा पुस महिनाको तुलनामा ९.९ प्रतिशतले ह्रास आएको छ।



चार्ट ९: वैदेशिक व्यापार (सात महिना)

३५. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सात महिनासम्मको १३.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.९ प्रतिशतले मात्र बढेको छ। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा १४.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ११.० प्रतिशतले बढेको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिमा ६.५ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ०.७ प्रतिशतले ह्रास भई अमेरिकी डलर १८ करोड ३९ लाख पुगेको छ। भारततर्फ मुख्यतयाः जी. आई. पाइप, जुटको बोरा, तार, अदुवा र अलैंचीको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी दाल, छाला र तयारी छालाका वस्तुको निर्यातमा वृद्धि भएको छ।

३६. समीक्षा अवधिमा कुल वस्तु आयात २४.० प्रतिशतले बढेर रु. ३१६ अर्ब २१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.९ प्रतिशतले वृद्धि भई रु. २५४ अर्ब ९५ करोड पुगेको थियो। भारत तथा अन्य मुलुक दुवैतर्फको आयातको वृद्धिदर उच्च रहेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो। मासिक रुपमा हेर्दा माघ महिनामा कुल वस्तु आयात पुस महिनाको तुलनामा २.४ प्रतिशतले घटेको छ।

३७. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको ११.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २६.१ प्रतिशतको उच्च दरले बढेको छ। त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २८.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २०.३ प्रतिशतले बढेको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको १८.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ८.२ प्रतिशले वृद्धि भई अमेरिकी डलर १ अर्ब २५ करोड पुगेको छ। भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपूर्जा, चामल, सिमेन्ट र एम. एस. विलेट लगायतको आयात बढेको कारण त्यस तर्फको आयात उच्च दरले बढेको हो। अन्य मुलुकबाट विशेषगरी तयारी पोसाक, पाइप तथा पाइप फिटिङ, दुरसञ्चारका उपकरण, सुन र एम. एस. वायर रड लगायतको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो।

३८. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २७.७ प्रतिशतले वृद्धि भई रु. २७१ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १७.६ प्रतिशतले मात्र बढेको थियो। कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ३०.८ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ११.३ प्रतिशतले मात्र बढेको थियो। त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा ३१.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २२.१ प्रतिशतले बढेको छ।


३९. आयातको वृद्धिदर उच्च रहेको कारण निर्यात-आयात अनुपात समीक्षा वर्षको पहिलो सात महिनामा १४.२ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.७ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४०. आर्थिक वर्ष २०६९/७० को सात महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. १ अर्ब ५९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ७६ अर्ब २८ करोड रहेको थियो । समीक्षा अवधिमा चालू खाता घाटा रु. १ अर्ब ७१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ३४ अर्ब ६७ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु तथा सेवा आयातमा भएको उल्लेख्य वृद्धि र विप्रेषण आप्रवाहको वृद्धिदर घटेको कारण समीक्षा अवधिमा चालू खाता घाटामा रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा चालू खाता घाटा २ करोड १४ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता ४३ करोड ३७ लाख डलरले बचतमा रहेको थियो ।

४१. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १७.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २७.८ प्रतिशतको उच्च दरले बढी रु. २६१ अर्ब ११ करोड पुगेको छ । समीक्षा अवधिमा खूद सेवा आय रु. ८२ करोड २२ लाखले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. १० अर्ब ५ करोडले बचतमा रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिमा ३०.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १५.३ प्रतिशतले बढी रु. २५६ अर्ब १ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गतको विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा ३५.५ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १९.६ प्रतिशतले मात्र वृद्धि भई रु. २२५ अर्ब ६ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा २५.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ८.० प्रतिशतले वृद्धि भई २ अर्ब ५८ करोड डलर पुगेको छ । मासिकरुपमा हेर्दा, विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको पुस महिनाको तुलनामा माघ महिनामा २०.० प्रतिशतले ह्रास भएको छ ।

## विदेशी विनिमय सञ्चिति




४२. २०६९ माघ मसान्तमा नेपाली रुपैयामा कुल विदेशी विनिमय सञ्चिति २०६९ असार मसान्तको रु. ४३९ अर्ब ४६ करोडको तुलनामा ०.४ प्रतिशतले ह्रास भई रु. ४३७ अर्ब ८५ करोड पुगेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ असार मसान्तको रु. ३७५ अर्ब ५२ करोडको तुलनामा २०६९ माघ मसान्तमा ४.६ प्रतिशतले ह्रास आई रु. ३५८ अर्ब ४१ करोड रहेको छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष परिवर्त्य विदेशी मुद्रासंगको विनिमयदर पूर्नमूल्यांकन भएको कारणले नेपाली मुद्रामा विदेशी विनिमय सञ्चिति घटेको देखिएको हो । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६९ असारदेखि २०६९ पुस मसान्तसम्ममा ३.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब १३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ११.० प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य (भारतीय) मुद्रा सञ्चिति २.७ प्रतिशतले ह्रास आई भा.रु. ५८ अर्ब ७६ करोड रहेको छ । आर्थिक वर्ष २०६९/७० को सात

महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ९.९ महिनाको वस्तु आयात र ८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर १२०.२५ रहेकोमा २०६९ माघ मसान्तमा २.४ प्रतिशतले ह्रास भई प्रति व्यारल अमेरिकी डलर ११७.४० कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०६८ माघ मसान्तको तुलनामा २०६९ माघ मसान्तमा ७.० प्रतिशतले ह्रास भई प्रति आउन्स अमेरिकी डलर १६१२.२५ कायम रहेको छ ।

४४. २०६९ असार मसान्तको तुलनामा २०६९ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.९ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १०.२ प्रतिशतले अवमूल्यन भएको थियो । २०६९ माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८५.३० पुगेको छ। २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।